यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१–५३६४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक ४५ ○श्रेणी 'क' ○२०७२ कार्तिक २२ गते आइतबार ○ 8 Nov. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**
योग निद्रा सिकेर आफूलाईँ रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

### राष्ट्रिय समाचार समितिका ३२ पत्रकारहरुलाई पोखरामा तालिम
# समाचारको हरेक पक्षलाई गम्भीरताका साथ लिनुपर्छ–रिजाल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २१ कार्तिक ।**

राष्ट्रिय समाचार समिति (रासस) को आयोजना एवम् रासस बृहत्तर हित उप-समितिको संयोजनमा शनिबारदेखि पोखरामा दुई दिवसीय समाचार लेखन तालिम सुरु भएको छ । राससको समाचार लेखनमा गुणस्तरीयता कायम गर्ने लक्ष्यका साथ राससअन्तर्गत लुम्बिनी, धवलागिरि र गण्डकी अञ्चलका विभिन्न जिल्ला तथा क्षेत्रमा रही कार्यरत ३२ समाचारदाता एवम् प्रतिनिधिका लागि सो तालिम आयोजना गरिएको हो ।

तालिमको उद्घाटन समारोहमा पूर्व सञ्चारमन्त्री डा मीनेन्द्र रिजालले सञ्चारजगत राज्यको महत्वपूर्ण अङ्ग भएको चर्चा गर्दै सञ्चारकर्मीले समाचारको सत्यता, गुणस्तरीयतालगायत हरेक पक्षलाई गम्भीरताका साथ लिनुपर्ने बताए । 'समाचार लेख्दा समाचारदाताले जिम्मेवारितालाई आत्मसात् गर्नु अपरिहार्य हुन्छ,' उनले भने- 'समाचारदाताले लोकप्रियताका लागि बढाइचढाइ गर्नुभन्दा वास्तविक समाचार सम्प्रेषणलाई सधैँ उच्च प्राथमिकतामा राख्नुपर्छ ।' राष्ट्रिय सूचना आयोगका आयुक्त किरण पोखरेलले राससले ठूला र राम्रो सञ्चार माध्यमसँग प्रतिस्पर्धा गर्न सक्ने गरी समाचारको गुणस्तरीयता बढाउनुपर्ने धारणा राखे । राष्ट्रिय समाचार समितिका अध्यक्ष कुलचन्द्र वाग्लेले समाचारदाताको समाचार सम्प्रेषणलाई प्रभावकारी बनाउन तालिम आयोजना गरिएको बताए । 'पत्रकारिता सत्यताको मुख खोल्ने अभियान हो,' उनले भने,-'समाजका सत्य तथ्यलाई सम्प्रेषण गर्नु सञ्चारमाध्यमको प्रमुख दायित्व हो ।' राजनीतिक स्वतन्त्रतामा मात्र पत्रकारिता फस्टाउने र जीवित रहने उल्लेख गर्दै अध्यक्ष वाग्लेले यो लोकतन्त्रको पहरेदार भएको चर्चा गरे । रासस बृहत्तर हित उपसमितिका संयोजक एवम् रासस सञ्चालक समिति सदस्य गङ्गाधर पराजुलीले कार्यक्षमताको विकास मात्र नभएर समग्र राससको समाचार प्रभावकारी र गुणस्तरीय बनाउन तालिम आयोजना गरिएको बताए । राससका प्रधान सम्पादक राजु शाक्यले राससको समाचार सेवाको गुणस्तरीयता अभिवृद्धिका लागि तालिम उपयोगी हुने धारणा राखे । कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले पत्रकारिता आफैँमा एउटा महत्वपूर्ण तर जटिल पेसा भएका कारण जाँगर नचल्नेले यो पेसा अङ्गाल्न नहुने धारणा राखे । पोखरा उपमहानगरपालिकाका वरिष्ठ अधिकृत ओमराज पौडेलले सामाजिक विकासमा पत्रकारिता जगतको महत्वपूर्ण भूमिका हुने भएकाले यसलाई राज्यको महत्वपूर्ण अङ्ग मानिएको बताए ।

राससका व्यवस्थापक उत्तम सिलवाल, कार्यकारी सम्पादक एकराज पाठक, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रुद्र भट्ट, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य ऋषिकान्त पौडेललगायतले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न सहभागीलाई आग्रह गरेका थिए ।



राष्ट्रिय समाचार समिति (रासस)को आयोजना एवम् रासस बृहत्तर हित उपसमितिको संयोजनमा शनिबारदेखि पोखरामा दुई दिवशीय समाचार लेखन तालिमको उद्घाटन समारोहमा पूर्व सञ्चारमन्त्री डा मीनेन्द्र रिजाल, राससका अध्यक्ष कुलचन्द्र वाग्लेलगायत अन्य सहभागीहरु । तस्बिर : रामबहादुर थापा, पोखरा, रासस

# 'कांग्रेसको जिम्मेवारी र भूमिका देशलाई आवश्यक'

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २१ कार्तिक ।**

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री शेरवहादुर देउवा शनिबार पोखराको २ फरक-फरक कार्यक्रममा सहभागी भए । नेपाली कांग्रेस कास्कीले कार्यकर्ता प्रशिक्षण र गणेशमान सिंह फाउण्डेशन कास्कीद्वारा शनिवार आयोजित 'राजनेता र गणेशमान सिंहको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो ।

गणेशमान सिंह फाउण्डेशन कास्कीद्वारा शनिवार आयोजित 'राजनेता र गणेशमान सिंहको भूमिका' विषयक कार्यक्रमको पोखरामा उद्घाटन गर्दै उनले ओलीले उपप्रधान मन्त्रीको रेकर्ड बनाएर विश्व हँसाउने काम गरेको समेत बताए । जम्बो उपप्रधान मन्त्री वनाएर प्रधानमन्त्री केपी ओलीले देशलाई वोझ थपाउने काम गरेको बताएका छन्।

उनले अहिलेको विषम परिस्थितिमा कार्यकर्ताहरुलाई विचलित नभई सक्रिय बन्न आग्रह गरे । नेता देउवाले देशमा जव संकटको घडि आउँछ तव गणेशमान सिंहको खोजी हुने गरेको बताउँदै निष्ठाको राजनीतिमा गणेशमानको भूमिकाको प्रशंसा गरे । अहिलेका कांग्रेसहरुले गणेशमानवाट पाठ नसिक्दा देशमा लोकतन्त्र कमजोर हुन थालेको उनले वताए । कांग्रेसको इतिहास गतिलो आधारमा भएको हुनाले नै कांग्रेसको जिम्मेवारी र भूमिका देशलाई आवश्यक परेको देउवाको भनाई छ । नेता देउवाले नेपाली कांग्रेस इतिहाँस भएको पार्टी भएको भन्दै कसैले सकियो भन्दैमा सकिने र कसैले पगरी गुथाउँदैमा हौसिने पार्टी नभएको बताए । उनले भारतले नेपालमा अप्ठेरो वनाएर नेपाली जनतालाई दुःख दिन थालेको समेत वताए । यस्तो अवस्थामा गठन भएको सरकार ढाल्न कांग्रेस नलाग्ने बताउँदै उनले यो सत्ता आफै ढल्ने वताए ।

गणेशमान फाउण्डेशन कास्कीका अध्यक्ष खेमराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस नेता मिनेन्द्र रिजाल, महादेव गुरुङ, यज्ञवहादुर थापा, शुक्रराज शर्मा, उपाध्यक्ष भोजवहादुर गुरुङ र सचिव मुक्तिराम अधिकारीले आ आफ्ना भनाई राखेका थिए ।

नेपाली काँग्रेस कास्कीले आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा नेता देउवाले व्यवस्थापिका-संसद्मा पेस भएको संविधान संशोधन विधेयक कार्यान्वयन गर्न काँग्रेसले सडक र सदनबाट महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् । नेता देउवाले संविधान संशोधन भएमा मधेसवादी दलहरुले उठाएको मुद्दा सम्बोधन हुने र अहिलेको असहज स्थिति हट्ने दाबी गरे । मधेसवादी दलहरुले गरेको आन्दोलन स्वयम् मधेसी जनताको हितमा पनि नभएको टिप्पणी गर्दै वरिष्ठ नेता देउवाले भारतको नाकाबन्दीले अत्यावश्यकीय वस्तुहरु रोकेर नेपाली जनतालाई दुःख दिएको धारणा राखे ।

नेपाली काँग्रेस प्रचार विभाग प्रमुख एवम् पूर्व सूचना तथा प्रविधि मन्त्री डा मीनेन्द्र रिजालले वर्तमान सरकारले नेपाली जनताको हितमा काम गर्न नसक्ने आरोप लगाए । पार्टी सभापति यज्ञबहादुर थापाको अध्यक्षतामा भएको सो कार्यक्रममा पूर्व सांसद शुक्रराज शर्मा र सचिव युवराज कुँवरले पनि बोलेका थिए ।


नेपाल प्रेस युनियन कास्कीले स्थापना गरेको पत्रकारिता पुरस्कार एवं कल्याण कोषमा रकम थपिनेक्रम जारी छ । शनिबार १५ हजार १०१ रुपैयाँको चेक पूर्व प्रधानमन्त्री शेरबहादुर देउवामार्फत युनियन कास्की अध्यक्ष शिरोमणि बराललाई हस्तान्तरण गर्दै जनप्रिय बहुमुखी क्याम्पसमा पत्रकारिता विषयका प्राध्यापक कास्कीकोट निवासी बेदहरि तिमिल्सिना ।

# पेट्रोलियम पदार्थ आपूर्तिसम्बन्धी विवरण तत्काल उपलब्ध गराउन निर्देशन

**हरि लामिछाने**
**काठमाडौं २१ कार्तिक ।**

व्यवस्थापिका-संसद्, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पेट्रोलियम पदार्थ आयात गर्ने प्रयोजनसम्बन्धी प्रक्रियाका सम्पूर्ण कागजात तत्काल उपलब्ध गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमलाई निर्देशन दिएको छ । समितिको शनिबार बसेको बैठकमा पेट्रोलियम पदार्थको आपूर्ति सहज नभइरहेको अवस्थामा तत्कालका लागि आपूर्ति गर्न निजी क्षेत्रलाई अनुमति दिँदा कानुन पालना नगरिएको भनी संसद्ले कडा आवाज उठाएपछि समितिले त्यस्तो निर्णय गरेको हो ।

निजी क्षेत्रलाई पेट्रोलियम पदार्थ आपूर्ति गर्ने सम्बन्धमा दिइएको अनुमतिले विद्यमान कानुनी प्रक्रिया अवलम्बन नगरेको, उपभोक्तामाथि बढी व्ययभार पर्ने गरी मूल्यमा सम्झौता गरिएको व्यापक गुनासो आएपछि समितिले त्यस्तो निर्णय गरेको समितिका सभापति भीष्मराज आङ्देम्बेले जानकारी दिए । उनले उक्त विषयको अध्ययन गरी समितिमा पेस गर्न एक उपसमिति गठन गर्ने निर्णयसमेत गरिएको जानकारी दिए ।

आम उपभोक्ताले ग्यास, पेट्रोलियम पदार्थ, औषधिलगायत दैनिक उपभोग्य वस्तुको चरम अभाव भोग्नु परिरहेको अवस्थातर्फ समितिको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै सभापति आङ्देम्बेले देशको पछिल्लो समस्याको प्रकृति के हो भन्ने विषयमा स्पष्ट धारणा सार्वजनिक गर्न सरकारलाई निर्देशन दिएको बताए ।

देशले भोग्नु परेको पछिल्लो समस्याका विषयमा सरकारले स्पष्ट धारणा बनाएर राजनीतिक र कूटनीतिक पहल गर्नुपर्नेमा जोड दिँदै समितिले समस्याको गाम्भीर्यता हेरी राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुन, अधिकार, सम्झौतालगायत विभिन्न मञ्चको प्रयोग गरी अविलम्ब समस्या समाधानको पहल गर्न सरकारलाई सुझावसमेत दिएको छ ।

बैठकले खाना पकाउने ग्यास, औषधि, पेट्रोलियम पदार्थलगायत दैनिक उपभोग्य सामग्री आपूर्तिमा अवरोध भइरहेकाले आन्दोलनरत राजनीतिक दललाई अति आवश्यक वस्तु तथा सेवाको उपभोग गर्न पाउने नागरिक अधिकार कुण्ठित नगरी वार्ताबाटै समस्याको समाधान खोज्न आग्रह गरेको छ । आन्दोलनरत दलको मागलाई वार्ताद्वारा उचित राजनीतिक र संवैधानिक प्रक्रियामार्फत गम्भीरतापूर्वक समाधान गर्न सरकारलाई समितिको तर्फबाट राय सुझावसमेत प्रस्तुत गर्ने निर्णय बैठकले गरेको छ । त्यसैगरी पेट्रोलियम पदार्थलगायत दैनिक उपभोग्य वस्तुको आयातलाई सहज गराउन मुलुकको उत्तरी नाकाहरु सञ्चालन गर्ने सरकारी प्रयासलाई अझ व्यवस्थित र घनिभूत बनाई अगाडि बढाउन मेत बैठकले सरकारलाई निर्देशन दिएको छ । उत्तरतर्फका सबै नाकाको स्तरोन्नति गर्दै तत्काल सञ्चालन गर्न सकिने कोरला, ताप्लेजुङको ओलाङ्चुङ्गोला, सङ्खुवासभाको किमाथाङ्का, दोलखाको लामाबगर, गोरखाको लार्केपास तथा मुगु र हुम्लाको यारी नाका खोल्ने कार्यमा सरकार गम्भीररुपले तत्काल लाग्नुपर्नेमा बैठकले जोड दिएको छ । बैठकले आपूर्ति सहज गर्न अल्पकालमा गर्नुपर्ने र दीर्घकालमा गर्नुपर्ने कार्यको प्राथमिकता छुट्याई योजनाबद्ध तवरले कार्य गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिएको छ ।

त्यसैगरी व्यवस्थापिका-संसद्को कार्य सञ्चालनसम्बन्धी नियमावलीको नियम ११० बमोजिम समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत संस्थानबाट भए गरेका काम कारबाही यस समितिमा विगत केही दिनदेखि छलफलमा रहेको अवस्थामा सार्वजनिक लेखा समितिले गरेको निर्णयप्रति बैठकको ध्यानाकर्षण भएको सभापति आङ्देम्बेले जानकारी दिए । उनका अनुसार बैठकमा एक समितिको कार्यक्षेत्रभित्र पर्ने र छानबिनकै क्रममा रहेका विषयमा नियमावलीको भावना विपरीत दोहोरोपन हुँदा संसदीय समितिको गरिमामा आँच पुग्ने र मन्त्रालय, विभागले आफू कुन संसदीय समितिको कार्यक्षेत्रभित्र रहने हो भन्ने प्रश्न उठ्ने भएकाले सो सम्बन्धमा नियमावलीको नियम १३४ र १३५ बमोजिम सभामुख समक्ष लिखित अनुरोध गर्ने भएको हो । शुक्रबार व्यवस्थापिका-संसद्, सार्वजनिक लेखा समितिले पेट्रोलियम पदार्थ आयात गर्ने प्रयोजनका लागि जारी गरिएको आशय पत्रपछिका काम कारबाही सहित सम्पूर्ण विवरण तीन दिनभित्र उपलब्ध गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमलाई शुक्रबार पत्र पठाएर निर्देशन दिएको थियो ।

यसैगरी विभिन्न राजनीतिक दलका नेता तथा अधिकारकर्मीले नयाँ संविधानमा महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेसी समुदायको अधिकार सुनिश्चितता‌सँगै कार्यान्वयनमा जोड दिएका छन् ।

दलित एकता समाज नेपालद्वारा आयोजित अन्तर्क्रियामा नेता तथा अधिकारकर्मीले संविधान जारी हुनुभन्दा पनि कार्यान्वयनको पाटो अत्यन्त चुनौतीपूर्ण हुने भन्दै त्यसका लागि खासगरी उत्पीडित समुदायबीचको एकता र सङ्घर्षको आवश्यकता औँल्याए । नेकपा (एमाले) का नेता तथा सांसद जितु गौतमले विगतको संविधानको तुलनामा नयाँ संविधानले सम्पूर्ण उत्पीडित समुदायको अधिकारलाई सुनिश्चित गरेको छ, तर कार्यान्वयनमा चुनौती छ भने ।

नेकपा (माले)की नेत्री तथा सांसद कमला विश्वकर्माले भारतले अघोषित रूपमा गरेको नाकाबन्दीका कारण नेपाली जनताले भोगिरहेको समस्या जतिसक्दो चाँडो समाधान गर्नुपर्नेमा जोड दिए । पूर्व सभासद् विनोद पहाडी र दलित आन्दोलनका अगुवा पदम सुन्दासले दलित समुदायको अधिकारको सवालमा संविधानमा दोहोरो अर्थ लाग्ने प्रतिबन्धात्मक शब्द राखिएको भन्दै त्यसलाई संशोधन मार्फत सच्याउनुपर्ने माग गरे । एमाले निकट दलित मुक्ति समाजका महासचिव गणेश विके, दलित अधिकारकर्मी डा यम किसान र बहुजन शक्ति पार्टीका अध्यक्ष मेघराज परियारलगायतले संविधानमा भएका आफ्ना अधिकार कार्यान्वयनका लागि दलित समुदायबीचको एकता आवश्यकता औँल्याए ।

युगौँदेखि उत्पीडनमा पारिएको दलित समुदायको पहिलो संविधान सभामा ५० जना सभासद्को सहभागिता थियो भने अहिले ४० जना सांसदको संसद्मा सहभागिता रहेको छ । विगत लामो समयदेखि आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा पछाडि पारिएको दलित समुदायले राज्यका हरेक संरचनामा आफ्नो समान सहभागिताको माग गर्दै आएको छ ।



**मोवाइल पाइने स्थानहरू :**
हंसपुर मोवाइल (चिप्लेढुंगा), कृश्मा मोवाइल (पंथीगल्ली), ए टु सतौंचण्डी (चिप्लेढुंगा), न्यू सिटी सेन्टर (चिप्लेढुंगा), कालिका इम्पेक्स (चिप्लेढुंगा), रेजिना एम्पेक्स (चिप्लेढुंगा), टिएन इन्टरप्राइजेज (पृथ्वीचोक), ए डिजिटेक(पृथ्वीचोक), देउराली मोवाइल (पृथ्वीचोक), पौडेल मोवाइल (पृथ्वीचोक), पौडेल व्रदर्श (पृथ्वीचोक, दाजुभाइ इलोक्ट्रोनिक्स (पृथ्वीचोक), केदार मोवाइल (पृथ्वीचोक), मनोकामना इलोक्ट्रोनिक्स (न्यूरोड), रामकाजी इलोक्ट्रोनिक्स (न्यूरोड), द सेल सिटी (न्यूरोड), पाण्डे मोवाइल एण्ड टेलिफोन (महेन्द्रपुल), सिको टाइम (महेन्द्रपुल) किरण मोवाइल (महेन्द्रपुल), सुपर वाच एण्ड मोवाइल (महेन्द्रपुल), खरेल मोवाइल (महेन्द्रपुल), आर.डि.एस मोवाइल (महेन्द्रपुल), शुभ नमूना मोवाइल (नयाँबजार), न्यू फ्रेण्डशिप मोवाइल (जिरोकिमी), सिद्धार्थ मोवाइल (सिद्धार्थचोक), विन्ध्यवासिनी मोवाइल (विन्ध्यवासिनी), सार्दीखोला मोवाइल (विन्ध्यवासिनी), टि.आर.सी. मोवाइल (विन्ध्यवासिनी), मौला घडि रेडियो(ट्याक्सीचोक), गौतम इलोक्ट्रोनिक्स (टुँडिखेल) रुपा कम्युनिकेशन (तेर्सापट्टी), रोनित मोवाइल (तेर्सापट्टी), दया इलोक्ट्रोनिक्स (बाग्लुङ बसपार्क), गोर्खाली मोवाइल (लेकसाइड), नमस्ते मोवाइल (विरौटा)
Regional Distributors (Gandaki-Dhaulagiri)
**Aakura Trade Link**
Chipledhunga, Pokhara, Phone :061-535679, 540398, Email: aakuratradelink@gmail.com

■ एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ ।

- खप्तड स्वामी

## सम्पादकीय . .

# आन्दोलन छाडी वार्तामा बस

सरकार र मधेशी मोर्चाबीचको वार्ता सकारात्मक भएको भनिरहँदा मधेश थप अशान्त देखिएको छ । खासगरी सरकारले वीरगञ्ज नाका खुलाउने क्रममा भएको झडपमा एकजनाको ज्यान गएपछि मधेशी मोर्चा थप आक्रोशित देखिएको छ । यसअघि झण्डै ४५ जनाको ज्यान जाँदा पनि वार्ता नछाडेको मधेशी मार्चाले थप एकजनाको ज्यान गएपछि बढी आक्रोश पोखेको छ र वार्ता भंग गर्ने चेतावनीसमेत दिएको छ । मधेशी मोर्चाको बिरोध प्रदर्शनमा सहभागी एकजना भारतीय नागरिक मारिएपछि मधेशी दलहरु बढी आक्रोशमा देखिएका छन् । त्यसो त मधेश आन्दोलनलाई सहयोग गरेको आरोप खेपिरहेको र नाकाबन्द गरेर नेपाली जनतालाई सास्ती दिइरहेको भारतले पनि तत्काल विज्ञप्ति जारी गरी यो घटनाप्रति विशेष चासो व्यक्त गरेको छ । कुनै पनि व्यक्ति मारिनु दुःखद् घटना हो । यही कारण वार्ता नै भंग हुने स्थिति त अझ आउनै दिनुहुादैन, संगसंगै नेपालका मधेशी नागरिकले चलाइरहेको आन्दोलनमा भारतको प्रत्यक्ष सहभागिता देखिनु र आन्दोलनमा उत्रेका भारतीय नागरिकको ज्यानसमेत जानुले निकै खतराको संकेत गरिरहेको छ । सीमा क्षेत्रमा भइरहेको तनावप्रति भारतको चिन्तालाई स्वाभाविक मान्ने हो भने पनि नेपालभित्र भइरहेको आन्दोलनमा भारतीय नागरिकको सहभागिता देखिनुले स्थिति थप असहज बन्दै जाने देखिन्छ । त्यसैले मधेशी मोर्चासंगको वार्तालाई चाँडोभन्दा चाँडो निष्कर्षमा पुर्‍याएर भारतीय हस्तक्षेप बढ्दै जाने वातावरण न्यून गर्नु नै अहिलेको बुद्धिमानी हुनेछ । पटक-पटक सरकार र मधेशी मोर्चाबीच वार्ता भए पनि खास एजेण्डामा प्रवेश नै गर्न सकेको थिएन । मधेशी मोर्चाले बढी उठाउँदै आएको एजेण्डा सीमांकनको हो, जसमा अहिलेसम्म छलफल नै हुन सकेको थिएन । अस्ति आइतवार मात्र दुबै पक्षबीच यो विषयमा छलफल शुरु भएपछि वार्ता सकारात्मक दिशामा अघि बढेको दुबै पक्षका वार्ताकारहरुले बताएका थिए । यसर्थ वार्ता निष्कर्षमा पुग्ने अपेक्षा भइरहेको बेला पुनः असहजता थपिएको छ । भारतीय पक्षकै आग्रहमा नेपालको सीमाक्षेत्रमा रोकिएका गाडी भारततर्फ पार गराउनका लागि नाकामा प्रहरी परिचालन हुादा झडप हुन पुग्यो र एकजना आन्दोलनकारी (भारतीय नागरिक) को ज्यानसमेत गयो । यसमा खासगरी भारतीय पक्षको चलाखी नेपालले बुझ्न नसक्दा यो घटना भएको देखिन्छ । एकातिर वीरगञ्ज नाका खुलाउन आग्रह गरेर भारतीय अधिकारीहरुले नेपालमा रोकिएका आफ्ना गाडी पार गराउने र अर्कोतिर मधेशी आन्दोलनकारीलाई अवरोधका लागि उक्साउने र आफ्ना नागारिक समेत त्यसमा सहभागी गराउने दोहोरो चालबाजी गरेको देखिन्छ । यसबाट अलपत्र परेका आफ्ना गाडी लैजाने र नाकामा तनाव कायम भएको देखाएर नाकाबन्दी कडा बनाउने योजना लुकेको नेपाल पक्षले बुझ्न सकेन । बरु भारतीय गाडीलाई सीमा पार गराउन बल प्रयोगसमेत गर्दा भारतले चाहेजस्तो स्थिति बन्न पुगेको छ । संभव हुन्छ भने सबै नाकाहरु खुलाउने प्रयास सरकारले गर्नुपर्छ, अन्यथा केही दिन पर्खेर भए पनि जारी वार्ता प्रक्रियालाई टुंगोमा पुर्‍याउनेतिर लाग्नुपर्छ । सकारात्मक भनिएको वार्ता पनि भंग हुने र नाका सुचारु पनि नहुने हो भने यसले नेपाललाई घाटा हुने देखिन्छ । मधेश आन्दोलन भूराजनीतिक चपेटामा परिसकेको छ । मधेशी दलका एजेण्डाहरु भारतले अपहरण गरेर आफ्नो भू-राजनीतिक स्वार्थअनुसार प्रयोग गरिरहेको अब कसैबाट छिपेको छैन । आम नेपाली जनताले जसरी नाकाबन्दीको सास्ती खेपिरहेका छन्, त्यसैगरी भारतीय अत्याचारको पनि प्रत्यक्ष अनुभव गरिरहेका छन् । अब यो सवाल दिनको घामजत्तिकै छर्लङ्ग भइसकेपछि मधेश आन्दोलनलाई जतिसक्यो चाँडो अन्त्य गर्नेतिर सरकार र प्रमुख दलहरु लाग्नुपर्छ । देशभित्रका सबै दलहरुसंग परामर्श गरेर मधेशी दलहरुले उठाउँदै आएको सीमांकनका मुद्दामा कहाँ कति सकिन्छ, लचकता प्रस्तुत गर्न जरुरी छ । मधेशीसंगै थारु र मगर समुदायले समेत सीमांकनमै असहमति व्यक्त गरिरहेको सन्दर्भमा सबै पक्षलाई सम्बोधन गर्न कुन विधि अपनाउन सकिन्छ, त्यसका लागि गहिरो गृहकार्य आवश्यक छ । अब पनि मधेश आन्दोलनलाई लम्बिन दिनु भनेको देशको सार्वभौमिकतामाथि थप खतरा बढाउनु हो । आन्दोलनरत मधेशी दल र तिनका नेताहरु के चाहन्छन् र कहााबाट सञ्चालित छन् भन्ने त धेरैले थाहा पाइसकेका छन् । तर त्यहाँभित्र पनि देशको माया गर्नेहरु नभएका होइनन् । उनीहरु देशप्रति गम्भीर र संवेदनशील भएर वार्तालाई निष्कर्षमा पुऱ्याएर आन्दोलनको सुरक्षित अवतरणका लागि तयार हुनुपर्छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल कार्तिक २२ गते आइतबार, तदनुसार नवेम्वर ८ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ॠतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णपक्षपक्षको द्वादशी तिथि २५ घटि ४४ पला अर्थात दिनमा ४ बजेर ३७ मिनेटसम्म त्यसउप्रान्त त्रयोदशी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि १५ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर २० मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १४ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : विदेशबाट धन आउन सक्ने, गरेको कार्य सफल, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त हुनेछ ।

**वृष** : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका श्रोतहरु घट्नेछन्, विशेष मान्छेबाट धोका हुन सक्नेछ

**मिथुन** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**कर्कट** : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, वाथ रोगले सताउने छ सतर्क हुनुहोला ।

**सिंह** : विदेशबाट आफनो मान्छे घरमा फर्कदा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग मिल्ने ।

**कन्या** : साहित्यिक क्षेत्रमा सक्रियता बढ्ने, प्रेमिकासंग भेटघाट हुन सक्ने, बौद्धिक क्षेत्रबाट लाभ, आम्दानी राम्रो हुने ।

**तुला** : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा वृद्धि हुने ।

**वृश्चिक** : शत्रुहरु सक्रिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

**धनु** : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

**मकर** : व्यारिक कार्य असफल, झगडाको मामिलामा फसिने, स्वास्थ्यमा खरावी, टाढाको भ्रमण नगर्नु वेश हुनेछ ।

**कुम्भ** : राजनीतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकरात्मक विचारले सताउनेछ ।

**मीन** : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट बञ्चित, दिन खराबछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# राष्ट्र 'भर्सेस' राष्ट्रियता

✍ **अमित ढकाल**

दसैंअघि म आफैं ड्राइभ गरेर काठमाडौंबाट झापा गएको थिएँ। सिन्धुलीको बाटो हुँदै बर्दिवाससम्म हामी सजिलै पुग्यौं। मधेस आन्दोलनका कारण बर्दिवासअघि भने दिउँसो राजमार्गमा गाडी कुदाउन सम्भव थिएन। राति १० बजे महोत्तरी प्रहरीले स्कर्टिङ गरेर ढल्केबरसम्म लगिदियो। त्यहाँ लगभग १५ मिनेट कुरेपछि धनुषा प्रहरीले कमला नदीपारि सिरहा जिल्लाको बन्दीपुर पुर्‍यायो। बन्दीपुरमा भने लामै समय पर्खनुपर्यो। त्यहाँबाट गाडीहरू कति बजे अघि बढ्छन् भन्ने सूचना कसैसँग थिएन। स्थानीय प्रहरी आफैं रनभुल्ल थिए।

मैले ड्युटी गरिरहेका असईलाई सोधेँ, 'स्कर्टिङ कतिखेर आइपुग्छ?' 'खै, कुन दिन कति बेला आउँछ पत्तै हुन्न। कहिलेकाहीँ राति साढे १२ मै आइपुग्छ, कहिले साढे एक बज्छ,' उनले भने,-'नआत्तिनुस् पश्चिम लालगढको 'कनभोय' (गाडीको ताँती) आइपुग्यो भने त्यसैसँग जान पाउनुहुन्छ, नत्र पूर्वको स्कर्टिङसँग पठाउँछौं।' न पूर्वको आयो न पश्चिमको। हामी मध्यरात हाइवेमा केटाकेटीसँगै थन्कियौं। म, मेरो दाइ र मेरी श्रीमती गनगन गर्दै घरि गाडीबाहिर घरि भित्र गर्थ्यौं। धन्न हाम्री चार वर्षे छोरी र दाइका सात वर्षे दुई छोरा खटपट गर्दै भए पनि निदाएका थिए। झन्डै एक बजेतिर म फेरि गाडी बाहिर निस्किएँ। प्रहरीलाई सोधेँ, 'स्कर्टिङको खबर के छ, किन ढिलो भएको हो?' 'भारदहमा लफडा भयो रे।' 'मध्यरातमा लफडा!'

'आजकाल 'मधिसे' ले रातभर सडकछेउ मेला लगाउँछन्, लफडा भइरहन्छ,' प्रहरीले भने। केही बेरअघि पनि ढल्केबरको त्यस्तै मेलामा लफडा भएको थियो। भीडबाट कसैले ढुंगा हानेर प्रहरीगाडीको अगाडिका सिसा झर्‍यामझुरुम फुटालेको थियो। म फर्केर गाडीभित्र पसेँ। छोराछोरी निदाएकै थिए। मेरो मुटुको चाल विस्तारै बढ्न थाल्यो। त्यसो त मैले धेरैपटक बन्द बेला राजमार्गमा गाडी हाँकेको छु। पछिल्लो संविधानसभा चुनावमा पनि वैद्य माओवादीको बन्द पर्वाह नगरी हामीले चितवनदेखि सिरहासम्म मधेसका भित्री भागमा पुगेर रिपोर्टिङ गरेका थियौं।

त्यतिबेला चन्द्रनिगाहपुरभन्दा केही किलोमिटरपूर्व हाम्रै अगाडिको ट्रकमा वैद्य माओवादी कार्यकर्ताले पेट्रोल बम हानेका थिए। ड्राइभरले सन्तुलन गुमाउँदा ट्रक पल्टेर आगो लाग्यो। केही दिनपछि ट्रकचालकको अस्पतालमा मृत्यु भयो। २०६४ को मधेस आन्दोलन बेला पनि म राजमार्गमा 'ड्राइभ' गरेरै काठमाडौं आएको थिएँ। यसपालिको कुरा भने अर्कै थियो। स-साना छोराछोरी साथमा थिए। मुटुको गति उनीहरूकै कारण थप तीव्र हुँदै थियो। मानिसले आफ्ना छोराछोरीलाई जति माया गर्छ, त्यति अरू कुनै प्राणीले पनि गर्ने भए पृथ्वीमा दुई प्राणीको राज हुन्थ्यो। आज मानिसको एकछत्र राज छ।

बन्दीपुरमा पनि राजमार्गभन्दा करिब ५० मिटर उत्तर मध्यरात मेला चल्दै थियो। बिग्रिएको माइकबाट भड्किलो हिन्दी गीत चर्को स्वरमा घन्किँदा माहोल कम कर्कसपूर्ण थिएन। करिब १५-१६ वर्षकी एक युवती स्टेजमा कम्मर मर्काउँदै थिइन्। लट्ठ भिड वरिपरि झुम्मिएको थियो। मैले गाडीको झ्यालका सबै सिसा बन्द गरेँ। कान र मन दुवैलाई केही बेर शान्ति मिल्यो। करिब एक बजेतिर पूर्वबाट प्रहरीको 'स्कर्टिङ' ट्रक आइपुग्यो। म गाडीका ताँतीको सबैभन्दा अगाडि थिएँ। मेरो अगाडि आएर प्रहरीको ट्रक लाइन लाग्यो। मधेस मूलका एक प्रहरी ट्रकबाट ओर्लिएर अघि बढे। स्कर्टिङ कति बजे जाने रै'छ बुझ्न म पनि गाडीबाट ओर्लिएँ। ती प्रहरी भीडमा कता बिलाए कता!

एकछिनमा 'वाकीटकी' बोकेका अर्का प्रहरी भेटिए। मैले सोधेँ, 'कतिखेर लाने हो स्कर्टिङ ?' 'अब लालगढको 'कनभोय' आएपछि सँगै लैजाने,' उनले भने। लालगढ्को 'कनभोय' कतिखेर आउँछ कसैलाई थाहा थिएन। म फेरि गाडीभित्र पसेँ। केही बेरमा अघि बिलाएका प्रहरी जवान फर्किएर ट्रकमा चढ्दै भने, 'ओहो, मेलामा एउटी केटी त साह्रै राम्री रै'छे। पाए त म घरै लान्थेँ!' उनले अर्का प्रहरीलाई जोस्याए, 'तपाईं पनि हेर्न जाने हो?'

'स्कर्टिङ सुरू हुन्छ होला, भ्याइन्छ?' 'कहाँ सुरु हुन्छ अहिले स्कर्टिङ, धेरै बेर छ।' दुवै ओर्लिएर मेलातिर हिँडे। स्कर्टिङ तत्कालै सुरु हुने आशमा फुरुंग भएको मेरो मन फेरि खुम्चियो।

पन्ध्र मिनेटपछि प्रहरीहरू दौडँदै आएर ट्रकमा पसे। ट्रक स्टार्ट भयो। मैले पनि गाडी स्टार्ट गरेँ। अगाडिका प्रहरी आएर भने, 'तपाईंहरू अहिले जाने होइन, पूर्वका गाडी आइपुग्न लागे, हामी केही अघि गएर ल्याउँछौं, ती गाडी पास भैसकेपछि जाने।' सवा एक बजेतिर पूर्वका गाडीको ताँती लिएर त्यो प्रहरी स्कर्टिङ फर्कियो। ट्रकको पछिपछि साना गाडी थिए। एकछिन त प्राइभेट गाडीलाई मात्रै ल्याएको हो कि भन्ने भान पर्यो। करिब २० मिनेट पछि बसहरू पनि देखिन थाले। कुनैका अगाडिका सिसा सद्दे थिएनन्, कुनै बस सिसाबिनै ह्वांगै थिए, हात्ति नै छिर्न मिल्ने! कुनैमा प्लास्टिकले घेरिएका थिए त कुनै जालीले बारेका!

करिब ४५ मिनेटमा पूर्वको 'कनभोय' बन्दीपुरबाट पश्चिम लाग्यो। बिहान दुई बजे हामी पूर्वतिर लाग्यौं। केही दिनदेखि शान्त मधेसमा फेरि गडबडी सुरु भएपछि सबै चिन्तित थिए। घर पुग्न सबैलाई हतारो थियो। म प्रहरी स्कर्टिङको ठीक पछि थिएँ। हेर्दाहेर्दै देब्रे र दाहिने दुवैतिरबाट ओभरटेक गर्न माइक्रो र पिकअप आए। ट्रकमा बसेका प्रहरीले ओभरटेक नगरी लाइनमा आउन संकेत गर्दै थिए। अटेरीले के सुन्थे! निमेषमै एउटा पिकअप र माइक्रो मेरो र स्कर्टिङ ट्रकको बीचमा घुसे। पहिले लाइनमा बस्दा मेरो पछाडि एक महिलाले चलाएको कार थियो। ड्राइभिङमा त्यति अनुभवीजस्तो लागेको थिएन उनी मलाई। 'रियर मिरर' मा यसो हेरेको त मेरो पछाडि माइक्रो र सुमोको ताँती लागिसकेको थियो। ती महिला कति पछि धकेलिइन् लेखाजोखा भएन। हेर्दाहेर्दै थप माइक्रो र सुमोले मलाई ओभरटेक गर्न थाले। पूर्वबाट आउने गाडी पास भइसकेका थिए, त्यसैले बाटो एकतर्फी थियो। दुई लेनको बाटोमा तीनवटा गाडी समानान्तर दौड्न थाले। केहीबेरमै त्यो कमिलाको रेसजस्तो, सलहको उडानजस्तो भयो। गाडी ९०-१०० गतिमा कुद्न थाले। मुटुको धड्कन जति बढ्थ्यो, चालकले एक्सिलेटर त्यति दबाउँथे। सबैलाई प्रहरी स्कर्टिङको नजिक बस्नु थियो, ताकि केही सुरक्षित भइयोस्, चाँडो गन्तव्य पुगियोस्। म पनि त्यही प्रतिस्पर्धामा सामेल थिएँ।

एक-दुई मिटर मात्र छाडेर अगाडिको गाडी नपछ्याए पछाडिबाट ओभरटेक गरेर छिराइहाल्थे। यति कम ग्यापमा ९०-१०० मा गाडी कुदाउनु कम जोखिमपूर्ण थिएन। एउटा गाडीले ओभरटेक गर्दा अर्को गाडीलाई झन्डै हानेको थियो। ब्रेक यस्तरी लगायो, गाडीको टायर सडकमा घिस्रँदा आगोका झिल्का छुटे। धुँवा पुत्पुतायो। अलिक अगाडि पुगेपछि माइक्रोले कारलाई हानिदियो, पछाडिबाट आएको पिकअपले माइक्रोलाई!

मानिसको मन र गाडीको वेग त्यतिखेर मात्र थामियो, जब स्कर्टिङ गरिरहेको प्रहरी गाडी भारदह पुग्नु केहीअघि रोकियो। सूचना आयो- भर्खरै लफडा भयो रे भारदहमा। प्रहरीले 'फायर' खोल्नुपर्यो। अब तत्काल कुनै गाडी अघि बढ्न सक्दैनन्। बिहानको तीन बजेको थियो। केही बेरमै उज्यालो हुनेवाला थियो। विरोधमा थप मधेसी सडकमा ओर्लिने पक्का थियो। मेरो छाती ढक्क फुल्यो। दिनभर गाडी रोकिनुपर्यो भने! चर्को घाममा दिनभर राजमार्गमा थन्किनुपर्यो भने केटाकेटीको के हाल हुन्छ!

श्रीमतीलाई सोधेँ, 'पानी कति बाँकी छ?' 'जम्मा एक बोतल।' न गाडीमा पर्याप्त तेल छ न पानी। मन उद्वेलित भयो। करिब १५ मिनटपछि भारदहतिरबाट पाँच एम्बुलेन्स हुइँकिँदै आए, ११ जना घाइते लिएर। अब भने अघि बढ्न पाउने आश मर्यो। 'लिभ डेजरस्ली एन्ड यु लिभ राइट' भन्ने जर्मन साहित्यकार तथा राजनेता गोथेको भनाइ पहिलोपटक यति उट्पट्याङपूर्ण लाग्यो। मस्त निदाएका छोराछोरीको पिरले आफ्नो मन यति अधीर छ, सोचेँ, भर्खरै गोली लागेर एम्बुलेन्समा हुइँक्याइएकाहरूका आमाबाको मनमा कुन बज्रपात परेको होला! मधेस आन्दोलनमा मारिने करिब चार दर्जन नागरिकका परिवारको के हाल होला! टीकापुरमा निशस्त्र उभिँदा मारिएका प्रहरी अधिकृत र जवानका श्रीमती र छोराछोरीको के हाल होला! सोचेँ, हामी नेपाली हेर्दाहेर्दै, ख्यालख्यालमै कहाँबाट कहाँ आइपुग्यौं! दिक्दारिँदै गाडीबाट ओर्लिएर जानुभएका दाइले केही बेरमा फर्किएर भन्नुभयो, 'भारदहमा बाटो क्लियर गरिसक्यो रे, एकछिनमा जान्छ भन्दैछ पुलिस।' विश्वास लागेन, तर यस्तो बेला टुस्स आश पलाइहाल्दो रहेछ! बिहानको चार बज्न लाग्दा अगाडिका गाडी स्टार्ट भए। मैले पनि स्टार्ट गरेँ। त्यसपछि सबै गाडी यसरी बेतोडले हुइँकिए, मानौं पछाडि कसैले खेद्दै छ। सबैलाई कोशी ब्यारेज पुग्नु थियो। ब्यारेजवारि सिरहा र सप्तरीमा राति ढुकेर यात्रुवाहक बसमा ढुंगा हान्ने जघन्य अपराध हुन्थ्यो। कोशीपारि त्यस्तो घटना लगभग शून्य थियो। करिब साढे पाँच बजे कोशी ब्यारेज पुग्दा मेरो पातलो टिसर्ट पसिनाले निथ्रुक्क थियो। पसिना र आवेग यति धेरै बगेछ, कोशी तरेपछि म फतक्कै गल्न थाले। त्यसमाथि निद्राले झपक-झपक भएर गाडी बाटोमुनि खसाल्छु कि जस्तो भयो। इटहरी पुगेर मुख धोइवरी मधेसको कडक चिया खाएपछि मात्रै निद्रा भाग्यो।

मन हलुंगो भयो....यसपालि मधेस आन्दोलनको एउटा विशेषता छ। छिटपुट घटनाबाहेक मधेसमा साम्प्रदायिक सद्भाव कायम छ। एउटा सम्प्रदायले अर्को सम्प्रदायका मानिसमाथि हमला गरेको छैन। अत्यावश्यक परेर ज्यान जोखिममा राख्दै यात्रा गरिरहेका निहत्था नागरिकमाथि मध्यरात ढुंगा बर्साउने कायरतापूर्ण काम भने इतिहासमै कलंकित बन्नेछ। अहिले काठमाडौंप्रति तात्तातो आवेग कायम रहेका बेला यो त्यति गम्भीर अपराध नलाग्ला, तर १५-२० वर्षपछि फर्केर हेर्दा मधेसीहरूलाई पनि यो हदैसम्मको बर्बरता लाग्ने छ। यसको अर्को पाटो पनि छ। कुनै खास रात मधेसी एक्कासि बौलाएर यात्रुवाहक बसमा ढुंगा हान थालेका हैनन्।

मधेस आन्दोलन धेरै लामो समय चल्यो, जीवन कष्टप्रद बन्यो। काठमाडौंले त्यसको पिडा महसूस गरेन। आन्दोलनको राजनीतिक हल खोजेन। टीकापुरको हिंसाले पूर्वी मधेसलाई पनि हौस्यायो। राज्यले बल प्रयोग गरेर आन्दोलन दबाउन खोज्यो। टीकापुरमा आफ्ना निशस्त्र अधिकृत र जवान मारिएपछि धैर्य गुमाएका प्रहरीले गाली र गोली दुवैमा संयम् अपनाएनन्। बहुसंख्यक प्रदर्शनकारीले घुँडामुनि होइन, छाती, पिठ्युँ र टाउकोमा गोली खाए। धेरै फोटो र भिडियो फुटेज हेर्दा ताकी ताकी छातीमाथि गोली हानिएको देखिन्छ। माग जतिसुकै जायज वा नाजायज हुन्, आफ्ना कुनै पनि सभासद मधेसमा गएर संविधानको पक्षमा बोल्न सक्ने हैसियतमा नरहेपछि त्यस्तो आन्दोलनको समाधान बल प्रयोग हुन सक्दैन थियो भन्ने तीन प्रमुख राजनीतिक दलले बुझेनन्। सायद मिडियाका हामीले पनि समयमै त्यसको उचित भेउ पाएनौं। मधेसमा हिंसा र प्रतिहिंसाको चक्र बढ्दै गयो। प्रत्येक गाली र गोलीसँगै मधेस टाढिँदै गयो। मधेसी र पहाडीबीचको खाडल गहिरिँदै गयो।

काठमाडौंले मधेसमा दिउँसो प्रदर्शनमा ओर्लेकाहरूमाथि बल प्रयोग गर्ने, रातिराति सेना र प्रहरी स्कर्टिङमा हाइवे सञ्चालन गर्ने र अत्यावश्यक सामान काठमाडौं ढुवानी गर्ने काम नियमित गर्यो। मधेसको आक्रोश राजमार्गमा पोखिन थालेको त्यसपछि हो। सप्तरीको भारदहमा राजमार्ग अवरुद्ध गर्न आएका प्रदर्शनकारी माथि प्रहरीले गोली हानेपछि उनीहरूले रातिराति ढुंगा हान्ने शृंखला सुरु गरे।

एउटा अतिवादको जवाफ अर्को अतिवादले दिन थाल्यो। अहिले मधेस र पहाडबीच अविश्वासको खाडल यति गहिरिएको छ, मधेसी र पहाडी समुदाय कटुतापूर्ण सम्बन्ध रहेका दुई देशका नागरिकजस्ता भएका छन्। बन्दीपुरमा एक प्रहरी असईले सुनाउँदै थिए, 'यहाँ बन्दमा मधेसीलाई गाडी कुदाउन छुट छ तर पहाडेले कुदायो भने हेल्मेट खोल्न लगाएर अनुहार चेक गर्छन् र तुरुन्त जलाउँछन्। मधेसीले पहाडेलाई एउटै देशको नागरिक मान्न छाडिसके।' यो अविश्वास दुईतर्फी छ। आपसी घृणाको पत्र बनेर जम्ने हो कि भन्ने डर बढेको छ। म फर्केर काठमाडौं आउँदा इटहरीमा राति १० बजे फेरि प्रहरी स्कर्टिङ कुरिरहेको थिएँ। एक जना करिब २० वर्षको मधेसी युवाले आएर नजिकैको ट्राफिक प्रहरीलाई भने, 'दाइ, झुम्कासम्म जाने हो। कुनै गाडीलाई मलाई पनि लग्न भनिदिनुस् न।' प्रहरीले जवाफ फर्काए, 'झुम्का त्यहीँ नजिकै त हो, हिँडेर जाऊ न, म त दिनभरिमा कति हिँडिसकेँ।' 'मेरो घर पुग्न त दुई घन्टा लाग्छ, राति भइसक्यो,' ती मधेसी युवाले भने।

'तिमीलाई गाडी चढाइदिनु त हुन्थ्यो तर तिमी हेर्दै फोरमजस्ता छौं, फेरि बीच बाटोमा गाडीमा आगो लगायौ भने! हिँड्दै जाऊ।' प्रहरी यति भन्दै फन्किएर अर्कोतिर हिँडे। ती युवा अवाक् भएर उभिरहे। पहाड र मधेसबीचको विभाजनको कुरा छाडौं। हामी यस्तो अवस्थामा पुगिसक्यौं, पहाडेहरू नै मधेसलाई लिएर यति विभाजित र एकअर्कासँग यति दिक्क भइसके, कसैलाई कसैको कुरा सुन्ने र सोच्ने धैर्य छैन। वीरगन्जमा प्रहरीले एकाबिहानै हस्तक्षेप गरेर धर्नामा बसेकालाई गिरफ्तार गरेको विरोध गर्दै मैले सेतोपाटीमा टिप्पणी लेखेको थिएँ। एक जनाले मलाई प्वाक्क भने, 'तपाईं पनि किशोर नेपाल मार्काका लेख नलेख्नुहोस् है, फेरि पढ्न छोडिन्छ।' उनलाई किशोर नेपालले मधेसमा गएर रिपोर्टिङ गरेको मन परेको थिएन। मधेसमा पनि कुनै मधेसीले अहिलेको आन्दोलनको स्वरुपको विरोध गर्यो भने उसलाई तुरुन्त 'पहाडेको दलाल' को बिल्ला भिराइन्छ।

अमेरिका पढ्दा मेरा 'रूममेट' श्रीलंका र केन्याका दुई विद्यार्थी थिए। राजनीति हामी तीनैको रुचिको विषय थियो। हामी घन्टौं राजनीतिका कुरा गर्थ्यौं। श्रीलंकन साथी देवानन्द तमिल मूलका थिए। उनी भन्थे, 'जब तमिल-सिंहला समस्याबारे तमिल-तमिल र सिंहला-सिंहलाबीच बहस असम्भव भयो, हाम्रो देश फर्किनै नसक्ने गरी दलदलमा फस्यो।' पछि परिस्थिति यति बिग्रेर गयो, थोरै संख्यामा रहेका 'मोडरेट' सिंहलाहरू 'भिलेन' बनाइए, तमिलहरूले त धेरै मोडरेट तमिलहरूलाई गोली नै हानेर मारे। हामी पनि कतै त्यही दिशातर्फ उन्मुख त छैनौं! तिमीहरूको मुलुक कहिल्यै नसुल्झिने विभाजनमा पुग्न लागिसक्यो भनेर आकाशले चिच्याएर हामीलाई भन्ने छैन, धर्तीले फाटेर भन्ने छैन। यो अनुभूत गर्नुपर्ने हामीले नै हो।

एउटा पाटो मात्र सुन्ने र देख्ने समाज पाटेबाघ जस्तै हिंस्रक हुन्छ। हामी त्यहीँ पुग्न लागिसक्यौं। समाजलाई त्यहाँ पुग्नुअघि नै रोक्ने दायित्व हाम्रै हो। भारतको नाकाबन्दीले हाम्रो समाजलाई थप जटिलतातर्फ धकेलेको छ। पहिल्यै विभाजित समाज थप ध्रुवीकृत बनेको छ। मधेसी समुदायलाई 'बुई बोकेर' नाकाबन्दी लगाएकोमा पहाडे समुदाय भारतप्रति आक्रोशित मात्र छैन, उसको आशाका नजर चीनतर्फ तेर्सिएका छन्। राष्ट्रियता उर्लिएको छ, राष्ट्र आफैं गौण भएको छ।

अर्कातिर, मधेसी समुदाय भने नाकाबन्दीका लागि भारतप्रति अनुग्रहित देखिन्छ। नाकाबन्दीपछि मात्र मधेसमा राज्यको बल प्रयोग रोकिएको, मधेसी मर्ने क्रम कम भएको, इन्धन रोकिएपछि मात्र काठमाडौं छट्पटाएको र समस्याप्रति केही संवेदनशील भएको उसको दलिल छ। यो दलिल पूरै गलत पनि छैन। राष्ट्र 'भर्सेस' राष्ट्रियता को नक्कली दलदलमा हामी फसेका छौं।

नेपालको आन्तरिक राजनीतिक समस्यालाई लिएर भारतले नाकाबन्दीको ब्रह्मास्त्र चलाउनु नाजायज थियो। तर, यसले नेपाललाई दीर्घकालका लागि फाइदा नै पुर्याउने छ। हामीले सामान्यकालमा गर्न नसक्ने, पछिल्लो ६५ वर्षमा कहिल्यै नगरेको काम अहिले गरेका छौं-चीनसँग इन्धन किन्ने प्रक्रिया अघि बढाएका छौं। अब भारतसँग हाम्रो सम्बन्ध जे जसरी सामान्यीकरण होला, चीनसँग इन्धन किन्ने काम भने रोकिने छैन, रोकिनु हुन्न। इन्धन र अत्यावश्यक आयातको विविधिकरण हाम्रो मुलुकको स्वाधीनतासँग कसरी जोडिएको छ भन्ने हामीले पटक-पटक भोगिसकेका छौं। राष्ट्रियता र स्वाधीनताका पक्षमा चीनसँगको इन्धन आयात सम्झौता महत्वपूर्ण कोशेढुंगा हुनेछ।

हाम्रासामु अर्को चुनौती हाम्रो राष्ट्र र आन्तरिक राष्ट्रियता कसरी बलियो बनाउने भन्ने हो। तत्कालको मूल प्रश्न, लगभग तीन महिनादेखि मधेसमा देखिएको असन्तुष्टि र आन्दोलन कसरी वार्ताद्वारा हल गर्छौं भन्ने हो। बजारमा देखिएको इन्धन अभाव कसरी समाधान गर्छौं भन्ने हो। पहिलो प्रश्नको हलमै दोस्रो प्रश्नको पनि समाधान जोडिएको छ। काठमाडौंका नजरमा जायज होस् वा नाजायज, संविधानविरूद्ध विद्रोह मधेसी जनताले गरेका हुन्। त्यही भएर त कांग्रेस, एमाले र एमाओवादी सभासद मधेस गएर संविधानका पक्षमा बोल्न सकेका छैनन्। उनीहरूले बोल्न र मधेसी जनतालाई संविधानमा सहमत गराउन सकेका भए त आन्दोलन नै हुने थिएन। मधेस आन्दोलनले जुन आयातन ग्रहण गरेको छ, त्यसलाई एमाले अध्यक्ष केपी ओलीले हिजो पनि अस्वीकार गरे। प्रधानमन्त्री भएपछि पनि त्यो दृष्टि नबदलिएका संकेत देखिन थालेका छन्। उद्योग वाणिज्य महासंघको प्रतिनिधिसँग बिहीबार कुरा गर्दै उनले 'मधेस आन्दोलन भारतको प्रायोजनमा भएको' आरोप लगाएको मिडियामा आएको छ। नाकाबन्दी लामो समय जारी रहन सक्ने भएकाले उद्योगपतिहरूलाई त्यहीअनुसार तयार रहन पनि उनले सुझाएका छन्। भारतीय नाकाबन्दी पछि धेरै पहाडेको सहानुभूति मधेस आन्दोलनबाट उठेको छ। जो पहिल्यैदेखि मधेसका कट्टर विरोधी थिए, तिनका लागि नाकाबन्दी थप बहाना भएको छ। फेरि पनि हामी नबिर्सौं, मधेस आन्दोलन मधेसी जनताले गरेका हुन्। नाकाबन्दी भारतले उक्त आन्दोलनलाई बल पुर्याउन गरेको हो। प्रतिपक्षमा रहँदा भारतसँग पटक-पटक त्यस्तो सहयोग लिने गल्ती गरेका सत्तासीन पार्टीले मधेसी पार्टीलाई मात्र राष्ट्रियता विरोधी देखाएर पार पाउने छैनन्। २००७, २०४६ र २०६२-६३ सालको आन्दोलनमा मात्र हैन, आफ्नो सरकार बनाउन मुख्य पार्टीहरूले भारतको सहयोग पटक-पटक लिएका छन्। माधव नेपालको नेतृत्वमा सरकार बनाउन मधेसी जनाधिकार फोरमबाट विजय गच्छदारलाई कसले फुटाइदियो? बाबुराम भट्टराईको सरकारलाई मधेसी पार्टीको भोट कसले जुटाइदियो?

त्यसैले, पार्टीहरूको 'मौसमी राष्ट्रियता' भन्दा राष्ट्र ठूलो हो। राष्ट्रिय अखण्डता नै खतरामा परेको बेला राष्ट्रियताको एकोहोरो राग अनावश्यक छ। के यसको अर्थ भारतको नाजायाजी सधैं सहने भन्ने हो? पक्कै होइन। विशेष गरी नयाँ नेपाली पिँढीमा स्वाधीनता र स्वतन्त्रताप्रतिको चेतना र चाहना हलक्कै बढेको छ। हामीले ढंग पुर्यायौं भने अहिलेको संकटले हामीलाई आफ्नो सार्वभौमिकताको प्रयोग स्वतन्त्रतापूर्वक गर्न सक्नेतर्फ अग्रसर बनाउँछ। भारतलाई पनि यसपालिको घटना एउटा सबक भएको हुनुपर्छ।

तर, यहाँबाट उत्ताउलिएर एकोहोरो राष्ट्रियताको नारा अलाप्दै आन्तरिक प्रश्न हल गर्न सकेनौं भने, राष्ट्रिय एकता कायम गर्न सकेनौं भने हामीले अवसर गुमाउने छौं। कुरा स्पष्ट छ, मधेसीसँग सम्झौता भएपछि मात्र नाकाबन्दी हट्नेछ। नेपालीको तत्कालका लागि दुःखका दिन त्यसपछि मात्र सकिने छन्। ओली अहिले भर्खरै प्राप्त प्रधानमन्त्रीको कुर्सीको 'स्टेरोइड'को असरमा छन्। नेपाली जनताको दुःखको आकाश फराकिलो हुँदै समस्या जब इन्धन अभावबाट औषधि र आधारभूत खाद्य सामग्रीको अभावमा पुग्छ, त्यसपछि आउने जनआक्रोशपछि उनको सत्ताको मात झर्नेछ। बुद्धिमतापूर्ण निर्णय यही हुन्छ, जनताको दुःख असह्य हुनुअगावै समस्याको हलका लागि अधिकतम प्रयत्न होस्। सरकार र मुख्य राजनीतिक दलले मधेसलाई सम्मानजनक 'अफर' दिनैपर्छ। त्यसपछि पनि मधेसी पार्टीले मानेनन् भने दोष मधेसवादी दलको टाउकोमा जानेछ। मधेसका मुख्य चार मागमा सहमतिमा पुग्न नसक्नुपर्ने कारण छैन। समानुपातिक समावेशी, जनसंख्याका आधारमा प्रतिनिधित्व र बाहिरबाट विवाह गरेर आएकाको नागरिकताको हकमा अन्तरिम संविधानमा भएका व्यवस्थामा फर्किन अप्ठ्यारो मान्नुपर्ने कुनै कारण छैन। अंगिकृत नागरिकता भएकालाई राष्ट्रका प्रमुख पदमा जान नपाउने वर्तमान प्रावधान भने मधेसी दलले सम्झौता गर्नुपर्छ भन्ने माग गरे हुन्छ। सबैभन्दा जटिल मानिएको प्रदेश सीमांकनको सवालमा सरल र लोकतान्त्रिक विधि तय गर्नु नै अहिलेको समस्याको निकास हो। कोशी र कर्णाली वारिपारिका जनता कुन प्रदेशमा बस्नुपर्छ भन्ने तय गर्न विवादित क्षेत्रका जनतालाई नै सोध्ने। नेपालीहरू मन फाटेर दुई मुलुकका नागरिकजस्ता भइसके। मुलक असफलताको डिलमा छ। अब पनि एक-दुई निर्वाचन क्षेत्र कुन प्रदेशमा पर्छन् भन्ने विषय ठूलो हो कि गौण? जनताले पाएको यति विघ्न सास्तीको समाधान मूल कुरो हो कि प्रदेश सीमांकनलाई लिएर केपी ओली, शेरबहादुर देउवा, उपेन्द्र यादव, राजेन्द्र महतो र विजय गच्छदारको 'इगो' ठूलो हो?

साभार : सेतोपाटी

# नागढुंगा, महिला विकास र सेभेनलेक सहकारीको साधारणसभा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।

नागढुङ्गा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तेस्रो शनिबार पोखरामा सम्पन्न भयो । कार्यक्रमको उद्घाटन गर्दै कास्की बचत सहकारी संघका सह-सचिव केशव लामिछानेले अझैपनि सरकारले सहकारीप्रति गर्ने व्यवहार फरक रहेको बताए । उनले सहकारीबाट लिइने करको दायरा घटाउनुपर्नेमा जोड दिए ।

कार्यक्रमको अध्यक्ष एवं संस्थाका अध्यक्ष प्रकाश श्रेष्ठले सहकारीको भवना 'एक थुकी सुकी, सय थुकी नदी' भएको बताए ।

कार्यक्रममा नागवेली टोल सुधार समितिकी अध्यक्ष शारदा गिरी, संस्थाका उपाध्यक्ष महेश शर्मा लामिछाने, कोषाध्यक्ष शंकर सुवेदी, सदस्य चेतमाया पगेनी लगायतले आ-आफ्नो भनाई राखेका थिए । त्यस अवसरमा संस्थामा उत्कृष्ट बचत गर्ने महेश शर्मा लामिछाने, टीकाराम आचार्य, ईश्वरमान महर्जन, कृष्ण प्रसाद शर्माका साथै उत्कृष्ट कर्मचारीहरु आशिष लम्साल, पर्मिला गुरुङ, खेम भट्टराई, नविना राना,शोभा सुनार, सरस्वती पौडेललाई सम्मान गरिएको थियो । कार्यक्रमको संचालन संचारकर्मी कमल सुवेदीले गरेका थिए ।

पोखरा उप-महानगरपालिका वडा नं. ९ नागढुङ्गामा स्थापित नागढुङ्गा सहकारीको कुल पुँजी ७१ लाख ४१ हजार २ सय ८२ रुपैयाँ रहेको छ भने निक्षेप संकलन ६ करोड, ८ लाख, ३४ हजार ५८५ रुपैयाँ रहेको छ । संस्थाले कूल पुँजी २ करोड रुपैयाँ पुर्‍याउने लक्ष्य राखेको अध्यक्ष श्रेष्ठले बताए ।

यसैगरी क्रियाशिल महिला विकास कृषि सहकारी संस्था लिमिटेड मासवार ७ पोखराको तेस्रो साधारण सभा शनिबार सम्पन्न भएको छ । साधारण सभाको उद्घाटन गदै प्रमुख अथिती महिला तथा बालबालिका कार्यलय कास्कीका प्रमुख लक्ष्मी जिसीले क्रियाशिल महिला विकास कृषि सहकारी संस्था लिमिटेड बिलकुलै फरक र उत्कृष्ट सहकारी भएको बताइन । उनले समाजमा रहेका महिलालाई कृषि पेशामा लाग्न प्रेरित समेत गरेको बताइन । क्रियाशिल महिला विकास कृषि सहकारी संस्था लिमिटेड का अध्यक्ष सारदा गिरीको अध्यक्षतामा भएको कार्यक्रममा नागरिक समाज पोखराका अध्यक्ष राम बहादुर पौडेल, नेकपा एमाले नगर कमिटी पोखरा ७ का अध्यक्ष पुरुषोतम रेग्मि, टोल विकास संस्था समन्वयन समिती पोखरा ६ का अध्यक्ष राम मोहन आचार्य, महिला समन्वयन समिति पोखरा ७ का अध्यक्ष प्रभा पन्त, सहकारीका सल्लाहाकार लोचना अधिकारी, लेखा संयोजक साबित्रा बराल लगायतले बोलेका थिए । सेभेसाधारणसभाले कोषाध्यक्ष लक्ष्मी बराल र अध्यक्ष सारदा गिरीको प्रतिवेदन पारित गरेको थियो भने कार्यक्रममा स्वागत उपाध्यक्ष मनमायाँ बरालले र सञ्चालन सचिव पिङगला भट्ले गरेकी थिइन ।

यसैगरी लेखनाथ नगरपालिका वडा नं. ३ वुढीवजारमा रहेको सेभेन लेक कृषि सहकारीको प्रथम साधारण सभा शनिवार सम्पन्न भएको छ। सभाको उद्घाटन गर्दै जिल्ला कृषि सहकारी संघ कास्कीका अध्यक्ष शिवजी कोईरालाले निजी क्षेत्रले लगानी मैत्री वातावरणबाट सहकारीले उत्पादन सिल क्षेत्रमा लगानी गर्नु पर्नेमा जोड दिएका थिए। सेयर सदस्यहरु सहकारीका मेरुदण्ड भएको धारणा राख्दै अध्यक्ष कोईरालाले छरिएर रहेको पुजीलाई एकीकृत गर्दै कृषिको माध्यवाट आय आर्जनको क्षेत्रलाई अगाडि वढाउनु पर्छ उनको सुभाव थियो। कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष लक्ष्मी प्रसाद त्रिपाठीले सहकारी भनेको सहकार्य हो जसले लगानीका सम्भावनालाई खोजी गर्दै उत्पादनसिल क्षेत्रलाई प्रथामिकता दिनुपर्ने बताएका थिए । संस्थाका अध्यक्ष अमृत कुमार बरालको अध्यक्षतामा भएको सो कार्यक्रममा जल्धारे बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष श्रीकान्त ढुंगाना, सल्लाकार संयोजक टिकाराम पंगेनी, लेखा समितिका संयोजक सन्तोष लामिछाने र सस्थाका प्रबन्धक कृष्णप्रसाद अधिकारी लगायतले आ-आफनो धारणा राखेका थिए। सस्थाका उपाध्यक्ष नृपेश अधिकारीले स्वागत मन्तव्य राखेको सो कार्यक्रमको संचालन सदस्य रामचन्द्र तिमिल्सेनाले गरेका थिए ।

# ग्लोवल लेकसिटी लायन्सको पिसपोष्टर

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।



लायन्स क्लव अफ पोखरा ग्लोवल लेकसिटीको आयोजनामा शनिबार डि भिलेज क्याफेमा पिस पोष्टर चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । निम्न माध्यामिक विद्यालय स्तरको प्रतियोगितामा २२ जना विद्यार्थीहरुले सहभागिता जनाएको क्लवमा प्रथम उपाध्यक्ष लायन कुलदीप सुवेदीले गोल्डेन न्यूज दैनिकलाई बताए । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि पिस पोष्टर को-अर्डिनेटर चियर पर्सन सूर्यनाथ कोइरालाले विश्व शान्तिका लागि सबै जना एक जुट हुनुपर्नेमा जोड दिए । उनले भने,"यसका लागि बालबालिका देखि नै यस्तो सन्देश सिकाउनु आवश्यक छ ।" 'विश्वमा शान्ति बाँडौ' विषयक उक्त प्रतियोगितामा मदरल्याण्ड उच्च माविका राजेन्द्र बहादुर गाहाले प्रथम स्थान प्राप्त गरे । त्यसै गरी सेन्ट मेरिजकी नम्रता पौडेलले दृतिय स्थान र मदरल्याण्डकै गुप्ता निस्वेतले तृतीय स्थान प्राप्त गरेका छन् । कार्यक्रममा प्रतियोगीहरुको निर्णायकको भूमिका भविन्द्र बहादुर गुरुङ्ग र दल बहादुर गुरुङ्गले निर्वाह गरेको कार्यक्रम संयोजक लायक दिलिप कुमार श्रेष्ठले ानकारी दिए । कार्यक्रमको समापन सत्रमा प्रमुख अतिथि तथा अध्यक्षले विजयी

प्रतियोगीहरुलाई पुरस्कार, सहभागीहरुलाई प्रमाणपत्र र निर्णायकहरुलाई मायाको चिनो प्रदान गरेका थिए । कार्यक्रम क्लवका अध्यक्ष लायन अनुराग श्रेष्ठको अध्यक्षता तथा सचिव गिरधारी शर्माको सञ्चालनमा सम्पन्न भएको थियो ।

# तनहुँको अरुणोदय ५ र ६ मा धारदी मेला सकियो

पोखरा २१ कार्तिक ।(गोल्डेन)

स्थानीय संभावना र प्रतिभाको उजागर गर्न तनहुँको अरुणोदय ५ र ६ मा धारदी मेला भएको छ । विजयादशमी तथा तिहारको अवसर पारी शान्तिदीप युवा क्लवले मेला गरेको छ । करिव पाँच दिन चलेको मेलामा झण्डै १० हजाले सहभागिता जनाएका छन् । 'गाउँमा थुप्रै प्रतिभाहरु छन् तर ठाउँ पाएका छैनन्' मेला संयोजक सुनिल थापाले भने 'पहिलो पटक गरेको विशेष मेलाले धेरै ठाउँ दिएको छ भने नयाँ प्रतिभाको प्रोत्साहन र पुरानाको सम्मान गर्ने काम गरेको छ । मेलामा भलिवल प्रतियोगिता, डोरी तान्ने प्रतियोगीता, छेलो हान्ने प्रतियोगिता तथा बृहद सांस्कृतिक कार्यक्रम भएको थियो । स्थानीय प्रतिभाहरु लाई नै समावेश गरी भएको सांस्कृतिक कार्यक्रममा हांस्यब्यङ्ग्य, नृत्य र गायन गरी २५ वटा प्रस्तुति रहेको तथा त्यसमा झण्डै सय जना कलाकार समावेस गरीएको ब्लवका अध्यक्ष घनश्याम लम्साले बताए । सामाजिक एकता र विकासका लागि पनि क्लवले गरेको मेला फलदायी रहेको समाजसेवी तथा एमाले जिल्ला कमिटी तनहुँका सदस्य भवानी शंकर लम्साले बताए। क्लवले गरेको मेला सफल पार्न गर्न गाउँका आमा समुह, बाऊ समुह र विभिन्न संघसंस्थाले साथ दिएको मेला संयोजक थापाले बताए। मेला सम्पन्न गर्न विभिन्न समिति उपसमिति गठन गरीएको प्राविधिक संयोजक डिमन थापाले बताए।

# शुभकामना आदान-प्रदान

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।

नवजीवन महिला विकास संस्थाद्वारा आयोजित शुभ दिपावली २०७२ को शुभकामना आदान-प्रदान तथा उच्च शिक्षा हासिल छोरा-छोरीलाई सम्मान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख अतिथि संस्थाका वरिष्ठ सल्लाहकार प्रा.डा कृष्ण केसी फुलको गमला मा पानी राखेर पानी कार्यक्रमको उदघाट्न गरेका थिए । संस्थाका सल्लाहकार कमल थापा र पुष्पकमल पौडेलले देशको असहज परिस्थितिको बाबजुद पनि संस्थाले आफ्नो कार्यलाई निरन्तरता दिएको मा धन्यबाद व्यक्त गरेका थिए । विशिष्ठ अतिथि ज्येष्ठ नागरिक कल्याण समिति कास्की का अध्यक्ष डा. अमृत घिमिरेले संस्थाको उद्देश्य सहित संस्थासंग समन्वय गरेर अघि बढने प्रतिबद्धता जाहेर गरेका थिए । शुभकामना मन्तव्यको क्रममा समाज कल्याण समिति बालकृष्ण शर्मा, युनाइटेड क्लबका उपाध्यक्ष, समाजसेवी मेजर कृष्ण गुरुङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रमको अध्यक्षता संस्था कै अध्यक्ष कमला थापाले गरेका थिए भने स्वागत मन्तव्य सह-कोषाध्यक्ष माया पराजुली राखेका थिए भने कार्यक्रम संचालन संस्थाका सचिव गंगा पराजुली पौडेलले गरेका थिए ।

# दिपाङ सहकारी गठन

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।

लेखनाथ ६ अर्चलेमा शनिवार दिपाङ्ग कृषि सहकारी संस्थाको गठन गरिएको छ । सहकारीको अध्यक्षमा मनोज पौडेल, उपाध्यक्षमा रमा धमला क्षेत्री, सचिवमा उमाकान्त लामिछाने, कोषाध्यक्षमा गोविन्द वाग्ले र सदस्यहरुमा हेमराज आचार्य, पुष्पराज त्रिपाठी, लक्ष्य वहादुर खत्री, कमला अधिकारी र कोपिला तिमिल्सेना रहेका छन् । त्यसै गरी लेखा समितिको संयोजकमा गोविन्द लामिछाने र सदस्यहरुमा इन्दिरा लामिछाने र खिमवहादुर अधिकारी रहेका छन् । कार्यक्रममा ऋण उपसमितिको संयोजकमा हेमराज आचार्य र सदस्यहरुमा प्रेमवहादुर कुमाल, दिननाथ पौडेल रहेका छन् । कार्यक्रममा सहकारीले स्थानीय उत्पादनलाई प्राथमिकता दिई तालको उपयोगमार्फत स्थानीय वासीको आयस्तर वृद्धि गर्दै लैजानु पर्नेमा जोड दिएका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

# ज्येष्ठ नागरिकहरुलाई सम्मान

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।

नेवा खल मोहरिया सिहना टोल कचा र मिसा पुचः ले पोखरामा एक कार्यक्रमकाबीच ७७ वर्ष पुगेका २७ जना जेष्ठ नागरिकहरुलाई जङ्क सगुन तथा सम्मान गरेको छ । नेवार समुदायको विभिन्न धार्मिक कर्म काण्ड मध्ये ७७ वर्ष ७ महिना ७ दिन ७ घडी पुगेका जेष्ठ नागरिकहरुलाई जङ्कु गर्ने संस्कार अनुसार जङ्क सगुन तथा सम्मान गरेको हो । २७ जना जेष्ठ नागरिकहरुलाई कार्यक्रमका प्रमुख अतिथि संस्कृतिविद् प्राध्यापक डा.चुन्डा बज्राचार्यले सगुन, टिका र फेत्ताले सम्मान गरेका हुन् । जेष्ठ नागरिकलाई सम्मान गर्दै बज्राचार्यले नेवारी समुदायको संस्कृति, भाषा र धार्मिक परम्परा र जङ्कु सगुनको बारेमा धारणा राखेका थिए । कार्यक्रममा सम्मानित व्यक्तित्व तेजमान बुद्धाचार्य, बागबजार कचाका अध्यक्ष सुविन्द्र श्रेष्ठ, सल्लाहकार सुवर्ण बज्राचार्य, मिसा पुच कास्कीका अध्यक्ष शान्ति उदाष, मिसा पुचका अध्यक्ष विन्जु गुभाजु, नेवा खल कास्कीका उपाध्यक्ष गणेशबहादुर श्रेष्ठ, संस्कृतिकर्मी तीर्थ श्रेष्ठ लगायतले बोलेका थिए । सोही अवसरमा एस.एल.सी दिएका २ जना विद्यार्थी प्रतिक्षा बुद्धाचार्य र ऋशव बज्राचार्य तथा कुमारी नृत्यका प्रशिक्षक श्रीया बुद्धाचार्यलाई पनि सम्मान गरिएको थियो । अध्यक्ष कृष्णमान गुभाजुको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक सुरेन्द्रमान विजुक्छेले गर्नुभएको थियो भने सञ्चालन सचिव विमल श्रेष्ठले गरेका थिए ।

# फोटो पत्रकार हरिमानको शोकसभा

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।

गुरुङ फिल्म एशोसिएशन नेपाल जिफानका आजीवन सदस्य तथा फोटोपत्रकार हरिमानको असामयिक दुःखद निधन भएको १३औं दिनको पुण्य तिथिका अवसमा जिफानले एक कार्यक्रमका बीच शोकभसभा सम्पन्न गरेको छ । गुरुङ फिल्म एशोसिएशन नेपाल जिफानको केन्द्रीय कार्यालय माटेपानी पोखरामा भएको श्रद्धाञ्जली कार्यक्रममा जिफानका आजीवन सदस्य, मानार्थ, कीर्तिमानी सदस्य, कार्य समिति, सल्लाहकार तथा साधारण सदस्यहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा जिफानका प्रथम उपाध्यक्ष राजेश गुरुङले स्व.गुरुङको जीवनीका बारेमा चर्चा गरेका थिए । कार्यक्रममा सहभागीहरुले स्व. गुरुङको तस्वीरमा माल्यार्पण गरि श्रद्धाञ्जली अर्पण गरेका थिए ।

शोकसभाको सञ्चालन जिफानका सचिव गमन घलले गरेका थिए भने जिफानका अध्यक्ष वेदबहादुर गुरुङ (श्याम)को अध्यक्षतामा सभा सम्पन्न भएको थियो । कास्कीको धम्पुस ८ पोखरी स्थाई घर भई हाल अल्डरसट यु.के. निवासी गुरुङको हालै निधन भएको थियो ।

# मेड इन नेपाल अभियान जारी

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ कार्तिक ।

"स्वदेशी उत्पादन प्रयोग गरौं, देशलाई आत्मनिर्भर बनाऔं" भन्ने नाराका साथ स्थापित संस्था मेड इन नेपाल समूह, पोखराले नागरिकलाई सुसुचित गराउने उद्देश्यले शनिवार घरदैलो कार्यक्रम गरेको छ । पोखरा उप-महानगरपालिका वडा न. ९ साँघुमुख महेन्द्रपुल (पुराना वजार) बाट शुरु घरदैलो कार्यक्रम पालिखेचोक हुदै महेन्द्रपुलमा नै आएर टुङ्गिएको थियो । घरदैलो अभियानकै क्रममा केहि व्यवसायी तथा आम नागरिकहरु स्वःस्फूर्त रुपमा संस्थाको आजीवन तथा साधारण सदस्य समेत बनेका छन् । यसरी सदस्य हुनेहरुमा ३ जना आजीवन र २७ जना साधारण सदस्य गरी ३० जना रहेका छन् । सदस्य हुने व्यक्तिहरुले पाएसम्म स्वदेशमै उत्पादित सामग्रीको प्रयोग तथा विक्रि वितरण गर्ने प्रतिवद्धता समेत जनाएका छन् । कार्यक्रममा पोखरा उप-महानगरपालिका वडा नम्वर ९ का वडा सचीव लोकदर्शन कोईराला, टोल विकास संस्था वडा समन्वय समिति वडा नम्वर ९ का अध्यक्ष उत्तम जोशी, संस्थाका अध्यक्ष पोष्टराज दाहाल, महासचिव यदु वस्ती, अन्नपूर्ण सोलार एण्ड मेटल इन्जिनियरिङ्गका सञ्चालक नारायण बाँस्तोला लगायतले कार्यक्रमको नेतृत्व गरेका थिए । कार्यक्रममा संस्थाका सदस्यहरु तथा विभिन्न संस्थाका प्रतिनिधि र आम नागरिकको पनि स्वःस्फूर्त सहभागिता थियो । कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि देशभक्ति गीतहरु बजाईएको थियो । संस्थाले आगामी दिनमा पनि पोखराका विभिन्न स्थानमा नागरिकलाई स्वदेशी उत्पादन प्रयोग गरौं भन्ने जनचेतना जगाउने उद्देश्यले विभिन्न कार्यक्रम गर्ने बताएको छ । यसअघि पनि संस्थाले पोखरामा र्‍यालीको आयोजना गरेको थियो ।

# भूकम्प काव्य विमोचन

पोखरा २१ कार्तिक ।(गोल्डेन)

कवि लक्ष्मण गौतम 'हिमाली' को 'भूकम्प काव्य-२०७२'को शुक्रबार विमोचन गरिएको छ । कवि हिमालीको सो काव्यको शनिबार नेकपा एमालेको केन्द्रीय निर्वाचन आयोग अध्यक्ष सोमनाथ अधिकारी 'प्यासी'ले विमोचन गरे । काव्यमा भूकम्प सम्बन्धी १५ ओटा शीर्षकमा छन्दोबद्ध कविता संग्रहित रहेका छन् । पेशाले निवृत्त शिक्षक कवि हिमालीको यस अघि २०७१ सालमा 'नवरत्नमाला' कविता संग्रह पनि प्रकाशित भइसकेको छ ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी नडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक
➲ यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
☞ स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
☞ केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
☞ Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
☞ उचाई बढाउन Step Up, Triple Height
☞ तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
☞ थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
☞ ढाँड तथा जोर्नी दुखाइं ठिक पार्न, सन्धी सुधा पेननिल।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

# शिरोमणि पुरस्कारबाट मुर्तिकार ओम खत्री सम्मानित

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २१ कार्तिक ।**

पोखरेली युवा साँस्कृतिक परिवारद्वारा स्थापित शिरोमणि पुरस्कार २०७२ बाट सुप्रसिद्ध मूर्तिकार ओम खत्री शनिबार पोखरामा सम्मानित भएका छन् । कार्यक्रमका प्रमुख आमन्त्रित व्यक्तित्व वरिष्ठ कलाकार दुर्गा बरालले नगद रु १५ हजारसहित ताम्रपत्र, प्रतिभा चयन समितिका संयोजक कवि तीर्थ श्रेष्ठले दोसल्ला र परिवारका अध्यक्ष सुरेश रानाभाटले माला लगाई पुरस्कृत व्यक्तित्व खत्रीलाई सम्मान गरेका थिए । वरिष्ठ कलाकार दुर्गा बरालले ललितकलाको मूर्तिकला विधा अरु कलाभन्दा लामो समयसम्म टिक्ने भएकाले पनि यसको रचनाविधान जटिल भएको बताए । खत्रीकै पहलमा पोखराको कोमागाने पार्कमा बनाइएका मूर्तिकलालाई राज्यले समयमै संरक्षण गर्न पनि आग्रह गरे ।



प्रतिभा चयन समितिका संयोजक कवि तीर्थ श्रेष्ठले मूर्तिकार ओम खत्रीको व्यक्तित्व र कृतित्वका बारेमा प्रकाश पार्दै बाग्लुङमा जन्मेर काठमाडौं, दिल्ली हुँदै अन्तर्राष्ट्रिय तहमा नेपाली मूर्तिकलालाई स्थापित गराएकोमा सरहाना गरे । जापानको नोयोगा शहरको केन्द्रमा रहेको २४ फिट अग्लो मूर्ति खत्रीले २ महिनामा बनाइ आफ्नो प्रतिभाको आलोक विश्वस्तरमा पुयाऱ्उनुले नै उनको परिचय बनेको बताए । पुरस्कार अर्पण तथा सम्मान समारोहमा वरिष्ठ कलाकार बुद्धि गुरुङ, सिर्जनशील कलाकार समूहका अध्यक्ष विश्वराज पराजुली, सुरेश रानाभाट, दीपक समीप र अर्जुन अधिकारीले शुभकामना मन्तव्य राखेका थिए । राष्ट्रकवि माधव घिमिरेको गीति नाटक मालती मंगले पोखरामा प्रदर्शन गरेर उठेको रकमबाट अक्षयकोष स्थापना गरी ४० को दशकदेखि शिरोमणि पुरस्कार संस्थाले प्रदान गर्दै आएको छ । यस अघि शिरोमणि पुरस्कारबाट वाङमयिक क्षेत्रमा क्रियाशील स्रष्टा मुक्तिनाथ शर्मा, अलिमियाँ, दुर्गा बराल, सर्वज्ञमान प्रधानाङ्ग, सरुभक्त, देवीप्रसाद वनवासी, गोविन्दबहादुर कुँवर, तेजनाथ घिमिरे, तीर्थ श्रेष्ठ, प्रेम छोटा र अमृत गुरुङ सम्मानित भइसकेका छन् । नेपाली ललितकलाको मूर्तिकलालाई विश्वस्तरसम्म फैलाउने खत्रीलाई प्रतिभाका रुपमा छनौट गर्न वरिष्ठ कलाकार दुर्गा बराल, कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, संगीतकार कृष्णबहादुर श्रेष्ठ, संस्थाका अध्यक्ष सुरेश रानाभाट र सचिव अर्जुन अधिकारीको समिति गठन गरिएको थियो । क्यानडामा गठन भई इटलीमा प्रधान कार्यालयको अन्तर्राष्ट्रिय मूर्तिकारहरुको संस्था ए.आइ.इ.एस.एमका खत्री प्रबन्धक समेत रहेका छन् । गल्कोट हटिया ४ बाग्लुङमा जन्मेका खत्रीले मूर्तिकलामा त्रिभुवन विश्वविद्यालय बाट प्रथम श्रेणीमा स्नातक र दिल्ली विश्वविद्यालयबाट भारतबाट प्रथम श्रेणीमा प्रथम भइ स्नातकोत्तर तहसम्मको औपचारिक कला शिक्षा लिएका छन् । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्व मूर्तिकला विभाग प्रमुख, त्रिभुवन विश्वविद्यालय मूर्तिकला विभागका विषय समति सदस्य समकालीन नेपाली मूर्तिकला संघ आरम्भका अध्यक्ष खत्रीले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा दर्जनौं पटक कला प्रदर्शनी गरेका छन् भने ३५ औं राष्ट्रिय कला प्रदर्शनी २०६० मा प्रथम, अरनीको युवा कला पुरस्कार स्वर्ण पदक सहित र दिल्ली विश्वविद्यालय भारतबाट मूर्तिकलामा सर्वोकृष्ट पदकबाट सम्मानित भइसकेका छन् ।

# टाइयाथलन च्याम्पियनसिपमा सेनाको वर्चस्व

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २१ कार्तिक ।**

सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत भएको चौथौ राष्ट्रिय टाइयाथलन च्याम्पियनसिप मा नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले ४ स्वर्ण, ३ रजत र २ कास्य सहित वर्चस्व जमाएको छ । कास्कीको वेगनास तालमा भएको प्रतियोगिताको टाइयाथनल अन्तरगतको स्टानडर्ड तर्फ सेनाका रुद्र कटुवालले १५ सय मिटर पौडी, ४० किमि साईक्लिड र १० किमि दौड २ धन्टा २९ मिनट ०६ सेकेन्डका साथ स्वर्ण पदक प्राप्त गरे । दोश्रो स्थानमा सेनाका टिका राम थापा रहे भने तेश्रो स्थानमा सशस्त्रका रमेश कुमार दर्लामी भए । टाईयाथलनकै स्प्रिन्ट तर्फ सेनाका बसन्त थारुले ७५० मिटर पौडी, २० किमि साईक्लिड र ५ किमिको दौड १ घन्टा १५ मिनट र २८ सेकेन्डका साथ पुरा गर्दै स्वर्णलाई आफ्नो खल्तिमा हाले । दोश्रो स्थानमा सेनाका हिमाल टमाटा र तेश्रो स्थानमा सशस्त्रका आशनारायण चौधरी रहे । महिला तर्फको स्प्रिन्ट तर्फ सेनाकी केशरी थापामगर १ घन्टा ३९ मिनट र १० सेकेन्डका साथ प्रथम हुंदै



आफ्ना प्रतिद्वन्दीलाई पछि पार्न सफल भईन् । मध्यमाञ्चलकी रोजा के.सी. द्वितीय र सेनाकी याम कुमारी घले तृतीय भईन् ।

५ कि.मि. दौड २० किमि साईक्लिड र २.५ किमि दौडको दुवाथलनको उपाधि पुरुष तर्फ सेनाका मानबहादुर थापामगर र महिला तर्फ मध्यपश्चिमकी हुमी बुढाथोकीले हात पारे । थापामगरले उक्त दूरी १ घन्टा १२ मिनट र १३ सेकेन्डमा पुरा गरे भने हुमीले १ घन्टा ३८ मिनट र २९ सेकेन्डमा पुरा गरिन् । पुरुष तर्फ सशस्त्रका लक्ष्मण मल्ल ठकुरी र किरण कुमार मल्ल दोश्रो र तेश्रो भए । महिला तर्फ सेनाका मन्जुकुमारी खड्का र पुष्पा कुमारी भन्डारी दोश्रो र तेश्रो भए ।

विजयी खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव केशव कुमार विष्टले पुरस्कार वितरण गरेका थिए । पुरस्कार वितरण समारोहमा राखेपका सदस्यहरु विरेन्द्र श्रेष्ठ, फत्त गुरङ र उपेन्द्र पौडेल, परिषका सल्लाहकार सालिकराम खड्का, पश्चिमाञ्चल खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल र कार्यालय प्रमुख लव श्रेष्ठ, मध्यमाञ्चल खेलकुद विकास समितिका सदस्य उमेश केसी, सोलु खेलकुद विकास समितिका अध्यक्ष डिबि सारुको उपस्थिति रहेको थियो । प्रतियोगितामा ५ विकास क्षेत्र, विभगीय टीम नेपाली सेना र सशस्त्रका महिला र पुरुष गरि ४० जनाको सहभागिता रहेको थियो । यो प्रतियोगिता १२ औं दक्षिण एशियाली खेलकुद प्रतियोगिताको छनोट प्रतियोगिता समेत रहेको छ ।

# एकल महिला समूह गठन, अध्यक्षमा रजनी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २१ कार्तिक ।**

पोखरा उपमहानगरपालिका वडा नं ४ का महिलाहरुको भेलाले रजनी कोइरालाको अध्यक्षतामा एकल महिला समूह गठन गरेका छन् । शनिबार वडा नं ४ को कार्यलय गैह्रापाटनमा आयोजित कार्यक्रममा कोइरालाको अध्यक्षतामा १३ सदस्यीय कार्य समिति गठन गरिएको हो । समितिको उपाध्यक्षमा रिभा पालिखे, सचिवमा लक्ष्मी प्रजापति, सह-सचिवमा जमुना कोइराला, कोषाध्यक्षमा गीता कोइराला र सह-कोषाध्यक्षमा राधा केसी चयन भएका छन् । त्यसैगरी समितिको सदस्यहरुमा निर्मला जोजिजू, नन्द कुमारी कोइराला, माया कोइराला, श्रृजना लिगल, मनमाया तामाङ, पवित्रा सुनार र नीता बजिमय रहेका छन् । कार्यक्रममा एकल महिला समूह कास्कीका अध्यक्ष प्रमिला तभ्याले एकल महिलाहरुले समाजमा भोग्नु परिरहेका विभिन्न समस्याहरुका बारेमा प्रकाश पारेकी



थिइन् । उनले समाजमा एकल महिलाहरुले भोग्नु परेका समस्याहरु साझा खालका रहेका हुनाले एकजुट भएर अगाडि आउन आग्रह गरेकी थिइन् । अहिले पनि राज्यसँग एकल महिलाका सन्र्दभमा विभिन्न मागहरु रहेको जानकारी दिँदै उनले आफ्नो दक्षता अभिवृद्धि गर्नका लागि सहभागीहरुलाई सुझाव दिएकी थिइन्। कार्यक्रममा पोखरा आवाज दैनिक पत्रिकाका कार्यकारी सम्पादक अनुप प्रकाश पौडेलले सो समूहलाई शुभकामना दिँदै सामूहिक हितका लागि कार्य गर्न आग्रह गरेका थिए । वडा नं ४का सामाजिक परिचालक दिवेश्वरी पौडेलले एकल महिलाहरुको समस्या समाधानका लागि वडा कार्यलय सधैं सहयोगी बन्ने बताएकी छन् । वडामा गठित समूहले एकल महिलाहरुलाई एकतावद्ध गर्दै उनीहरुका समस्याहरु समाधान गर्ने लक्ष्य लिएको बताइएको छ । आगामी दिनमा वडा भित्रका सबै एकल महिलाहरु समेटेर विभिन्न तालिम तथा भेलाहरु आयोजना गर्दै जाने पनि कार्यक्रममा बताइएको छ ।

# पाइलटको मृत्यु

**पोखरा २१ कार्तिक ।**

पोखराको आकाशमा प्याराग्लाईडिङ गर्ने क्रममा एक जना पाईलटको मृत्यु भएको छ । प्याराग्लाईडिङ उडान भर्दै गरेका काठमाडौंका २६ बर्षीय सुनिल भट्टराईको फेवातालमा खसेर ज्यान गएको हो । सराङकोटबाट उडान भरेको झण्डै १५ मिनेटमा एक्कासी तालमा खसेका उनको उपचारको लागि अस्पताल लैजादै गर्दा बाटोमै ज्यान गएको प्रहरीले जनाएको छ । उडानको क्रममा दिउसो करिब पौने २ बजे उनी तालमा खसेका थिए । पानीमा पौडिन नजान्ने उनको उद्धारमा ढिलाई हुँदा ज्यान गएको स्रोतले बतायो । पोखरा प्याराग्लाईडिङ कम्पनीमा आबद्ध उनी सोलो पाईलट हुन् । पोखराको आकाशमा अहिलेसम्म दुर्घटनामा परेका प्याराग्लाईडरहरु सबै सोलो अर्थात् एकल उडान भर्नेहरु छन् ।

# शोक व्यक्त

**पोखरा २१ कार्तिक ।**

स्वतन्त्र पत्रकार संघ नेपालले सो संघको लमजुङ शाखाका संस्थापक अध्यक्ष तथा केन्द्रीय पार्षद नवराज पहाडीलाई मातृशोक परेकोमा दुःख व्यक्त गरेको छ। संघका केन्द्रीय अध्यक्ष कृष्ण प्रसाद बास्तोलाले शोक विज्ञप्ती जारी गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनाका साथै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेका छन्। पत्रकार पहाडीकी ममतामयी आमा चन्द्रकुमारी अधिकारीको उपचारका क्रममा सैनिक अस्पताल छाउनीमा कात्तिक १४ गते राती ७६ वर्षको उमेरमा निधन भएको थियो। स्व. अधिकारीका पाँच छोरा र तीन छोरी रहेका छन्।

# कलाकार र बुद्धिजीविबीचको खेल बराबरी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २१ कार्तिक ।**

कलाकार र बुद्धिजीवि बीच पोखरा रंगशालामा भएको मैत्रीपूर्ण फुटबल बराबरीमा सकिएको छ । एचआईभी एड्स संक्रमितहरुको सहयोगार्थ भएको उक्त प्रतियोगितामा दुवै तर्फबाट ३-३ गोल भए पछी बराबरीमा सम्पन्न भएको हो । नृत्य निर्देशक शकर बिसि पोखरा रंगशाला को मैदानमा नायक बने । आज करिब २५ भन्दा बढी राष्ट्रिय कलाकार हरु सहित कास्की का बुद्धिजीविहरु बीच भएको मैत्रीपूर्ण फुटबलमा उनी एक्लै ले ३ गोल गरे ।

धिरेन शाक्यको कप्तानीमा कलाकारहरु का तर्फबाट शिव श्रेष्ठ, झरना थापा, निखिल उप्रेती, दिपा श्री निरौला, सलोन बस्नेत, शंकर बिसि, प्रशान्त तामाङ, राजेन्द्र खडगी, सुनिल कुमार थापा, अर्जुन पोखेल, कमलकान्त मैनाली, सुदर्शन थापा, केशब भट्टराई लगाएतका कलाकारहरु मैदानमा उत्रिएका थिए । खेल २ बजेपछि सुरु हुने भनिएता पनि केही समय



ढिला सुरु भएको थियो । बक्स अफिस फिल्मी क्लव, फेबा डुङ्गा व्यावसायी तथा कास्की जिल्ला फुटबल संघको आयोजनामा भएको खेलमा कास्कीका बुद्धिजीविहरुले पनि कलाकारको पोष्टमा ३ गोल नै छिराएपछि खेल बराबरीमा सकियो । कार्यक्रमको प्रमुख अतिथि चलचित्र विकास बोर्डका अध्यक्ष राज कुमार राईले सहभागी कलाकार तथा बुद्धिजीविहरुलाई प्रमाणपत्र प्रदान गरेका थिए ।

पहिलो पटक यति धेरै कलाकारहरुलाई देख्न पाउँदा पोखेलीहरु निकै खुशी देखिन्थे । कलाकारहरुलाइ आफ्ना दर्शकहरु संग फोटो खिच्न भ्याइ-नभ्याई भएको थियो ।

# भाडादर लागू भएन

***काठमाडौं २१ कार्तिक ।***

*सरकारले उपत्यकामा १९ किमीभन्दा माथि रु २५ भाडा लिनुपर्ने तालिका सार्वजनिक गरेको दुई महिना बित्दा पनि कार्यान्वयन हुन सकेको छैन । यातायात व्यवस्था विभागले भदौ २५ गतेबाट देशभर घटेको भाडादर लागू गरी उपत्यकामा १९ किमी भन्दामाथिको दूरीमा रु २५ भाडा तोके पनि साँखुमा रु ३९ सम्म उठाइएको यात्रुको दुःखेसो छ । यो भाडादर इन्धन अभाव हुनुभन्दा अघिदेखि नै उठाइँदै आएको हो । उपत्यकामा सबैभन्दा बढी भाडा यस रुटका यातायातले उठाएको यात्रुको गुनासो छ । उपत्यकामा सरकारले तोकेभन्दा बढी भाडा लिनेमा साँखु बस व्यवसायी सङ्घका बस अग्रणी रहेको उपभोक्ताको गुनासो छ । साँखुदेखि रत्नपार्कको १८ किमी दूरीमा रु ३५ भाडा उठाउँदै आएको सङ्घका कार्यालय सचिव पदम श्रेष्ठले बताए ।*

# सहारा एकेडेमीलाई सोलार प्रदान

***गोल्डेन न्यूज संवाददाता***
***पोखरा २१ कार्तिक ।***

*पोखराको सहारा क्लबले संचालन गरेको सहारा एकेडेमीलाई वेलायतबाट सोलार जडानका लागि आर्थिक सहयोग प्राप्त भएको छ । सहारा एफ.सी. यू.के. का अध्यक्ष हरिकुमार श्रेष्ठ र उनकी सरिता श्रेष्ठबाट पोखरा १७, दोविल्लामा रहेका एकेडेमीका बालकहरु नुवाउनका लागि तातो पानि सुविधाका उपलब्ध गराउनको लागि सोलार प्लान्ट जडानका लागि एक लाखको चेक क्लबका अध्यक्ष वीरभद्र अचार्यलाई एक समारोहका बीच हस्तान्तरण गरेका हुन । उनको साथमा छोराछोरी, भञ्जाभाञ्जी परिवारका साथ सहारा एकेडेमी दोविल्लाको अवलोकनको समेत गरेको वरिष्ठ उपाध्यक्ष केशबबहादुर थापाले बताए । उनले यस भन्दा अगाडि भवन निमार्णका लागि ३ लाख आर्थिक सहयोग प्रदान गरेका थिए ।*

**वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ**

**विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।**

हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ...

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

**STUDY IN JAPAN**
January/April intake 2016

- High Visa Success rate
- NAT/JLPT Optional
- Audio/ Video को माध्यमबाट पढाइ
- College/ City of your Choice
- Free language / Documentation
- हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
- Gap भएकाले पनि Apply गर्न मिल्ने
- जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरू धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668




सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा